# नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित उद्देश्य कार्यान्वयन गर्न सोही ऐनको दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरूको नाम "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।[१]

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "काउण्टरपार्टी" भन्नाले बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था सम्झनुपर्छ ।

(ग) "केन्द्रीय कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "तरलता" भन्नाले वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले बैंकमा राखेको मौज्दातलाई सम्झनु पर्छ । साथै, सो शब्दले वित्तीय प्रणालीमा उपलब्ध नगदको मौज्दातका आधारमा आर्थिक अनुसन्धान विभागले तयार गर्ने बैंकिङ्ग प्रणालीमा विद्यमान तरलताको स्थिति बमोजिमको न्यून तथा अधिक तरलता समेतलाई जनाउँदछ ।

(छ) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ज) "मौद्रिक उपकरण" भन्नाले बैंकिङ्ग क्षेत्रमा रहेको तरलतालाई वाञ्छित सीमाभित्र राख्न बैंकद्वारा जारी गरिने विभिन्न मौद्रिक उपकरणहरू सम्झनु पर्छ ।

(झ) "मौद्रिक नीति" भन्नाले ऐनको दफा ९४ बमोजिम बैंकबाट जारी गरिएको मौद्रिक नीति एवं सोको समीक्षा समेतलाई जनाउँदछ ।

(ञ) "विभाग" भन्नाले मौद्रिक व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ट) "विभागीय प्रमुख" भन्नाले मौद्रिक व्यवस्थापन विभागको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

---

[१] *नेपाल राष्ट्र बैंक, सञ्चालक समितिको मिति २०७८/०५/३० मा बसेको बैठकबाट स्वीकृत भई लागू भएको । प्रथम संशोधन मिति २०७९/०५/०९ मा तथा दोस्रो संशोधन मिति २०७९/०८/१२ मा ।*

(ठ) “सचिवालय” भन्नाले खुला बजार कारोबार सञ्चालन समितिको सचिवालय सम्झनु पर्छ ।

(ड) “सञ्चालक समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(ढ) “समिति” भन्नाले विनियम ३ को उपविनियम (१) बमोजिम गठन भएको खुला बजार कारोबार सञ्चालन समिति सम्झनु पर्छ ।

(ण) “सुरक्षणपत्र” भन्नाले विनियम २६ बमोजिमका ट्रेजरी बिल्स, विकास ऋणपत्र लगायत सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।

## परिच्छेद - २

## खुला बजार कारोबार सञ्चालन समिति

३. **खुला बजार कारोबार सञ्चालन समितिको गठनः** (१) यस विनियमावलीमा उल्लिखित कार्यहरूलाई सुचारु रूपले सम्पादन गर्नका लागि देहायका सदस्य भएको एउटा खुला बजार कारोबार सञ्चालन समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर, मौद्रिक व्यवस्थापन विभाग हेर्ने | अध्यक्ष |
| (ख) | मौद्रिक व्यवस्थापन विभागको कार्यकारी निर्देशक | सदस्य |
| (ग) | आर्थिक अनुसन्धान विभागको कार्यकारी निर्देशक | सदस्य |
| (घ) | अर्थ मन्त्रालयको प्रतिनिधि (रा.प.प्रथम श्रेणी) | सदस्य |
| (ङ) | मौद्रिक व्यवस्थापन विभागको निर्देशक | सदस्य-सचिव |

(२) उपविनियम (१) बमोजिम गठन भएको समितिले आफ्नो बैठकमा आवश्यकतानुसार विशेषज्ञ वा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपविनियम (१) बमोजिम गठित समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

४. **समितिको बैठकः** (१) समितिको बैठकको अध्यक्षता मौद्रिक व्यवस्थापन विभाग हेर्ने डेपुटी गभर्नरले गर्नेछ । निजको अनुपस्थितिमा समितिका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(२) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ । तर कम्तीमा सप्ताहको एक पटक समितिको बैठक बस्नु पर्नेछ ।

(३) समितिको बैठक अध्यक्षको अनुमति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(४) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिसहित कम्तीमा तीन जना सदस्यको उपस्थिति भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बहुमतको निर्णय समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

**५. <u>समितिको सचिवालयः</u>** (१) समितिको सचिवालय मौद्रिक व्यवस्थापन विभागमा रहनेछ ।

(२) समितिको सचिवालयमा आवश्यकतानुसार विभागका कर्मचारीहरू खटाइनेछ ।

**६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैंकले प्रत्येक आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक जानकारीको लागि प्रकाशन गरे पछि सो नीतिमा उल्लेखित उद्देश्य, अन्तरिम लक्ष्य, सञ्चालन लक्ष्य समेतलाई आधार बनाई खुला बजार कारोबार गर्ने,

(ख) खण्ड (क) बमोजिमको खुला बजार कारोबार गर्दा प्रयोगमा ल्याउनु पर्ने उपकरण छनौट गर्ने, भुक्तानी अवधि निर्धारण गर्ने, बोलकबोल गराउने तथा अन्य आवश्यक प्रक्रिया निर्धारण गर्ने,

(ग) खुला बजार कारोबारका क्रममा काउण्टरपार्टीको योग्यता मूल्याङ्कन गर्ने, सहभागिता गराउने तथा काउण्टरपार्टीले उत्तरदायित्व पुरा नगरेमा कारवाही गर्ने,

(घ) समितिलाई निर्णय प्रक्रियामा आवश्यक पर्ने विवरण, तथ्याङ्क, विश्लेषणात्मक प्रस्ताव, प्रतिवेदन तथा अन्य सूचना बैंकका विभिन्न विभागसँग माग गर्ने,

(ङ) तरलता व्यवस्थापन प्रयोजनका लागि आवश्यक नीति निर्माण गर्ने सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने, र

(च) आवश्यकतानुसार खुला बजार कारोबारका लागि तोकेअनुसार विभागलाई अख्तियारी दिने र खुला बजार कारोबारसम्बन्धी अन्य आवश्यक सम्पूर्ण काम कारबाही गर्ने ।

(२) उपविनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने सम्बन्धमा समितिले आवश्यकता अनुसार मौद्रिक नीति कार्यान्वयन र खुला बजार कारोबार सम्बन्धी विशेषज्ञ रहेको उपसमिति गठन गर्न सक्नेछ । यसरी गठन गरेको उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।

**७. <u>जानकारी गराउने</u> :** खुला बजार कारोबार सञ्चालन गर्दा अपनाइएका प्रक्रिया एवं निर्णयको सम्बन्धमा समितिले गभर्नरलाई नियमित रूपमा जानकारी गराउनु पर्नेछ ।

**८. <u>गोप्यता</u> :** (१) समितिको बैठकमा उठेका विषयवस्तु र गरिएका निर्णय समितिका अध्यक्ष तथा सदस्यले गोप्य राख्नु पर्नेछ ।

(२) समितिले सार्वजनिक गर्न आवश्यक सम्झेका निर्णय बैंकको वेवसाइटमार्फत सार्वजनिक गर्न सक्नेछ ।

## परिच्छेद - ३

## <u>खुला बजार कारोबार सञ्चालन</u>

९. **<u>खुला बजार कारोबार सञ्चालनका उद्देश्य तथा लक्ष्यः</u>** (१) वित्तीय बजारमा तरलता व्यवस्थापन गर्ने, ब्याजदर करिडोरलाई व्यवस्थित गर्ने तथा मौद्रिक नीतिको कार्यदिशा हासिल गर्न बैंकको पहलमा विनियम १० को उपविनियम (१) बमोजिमका खुला बजार कारोबार सञ्चालन गरिनेछ ।

(२) खुला बजार कारोबार सञ्चालनको लक्ष्य मौद्रिक नीतिबाट निर्धारण भएबमोजिम हुनेछ ।

१०. **<u>खुला बजार कारोबारका किसिमः</u>** (१) समिति/विभागले मौद्रिक नीतिका उद्देश्यहरू हासिल गर्न अल्पकालीन एवं संरचनात्मक प्रकृतिको तरलता व्यवस्थापनका लागि आर्थिक अनुसन्धान विभागले तयार गर्ने तरलता अनुगमन तथा प्रक्षेपण संरचनासम्वन्धी प्रतिवेदन, बैंकिङ्ग प्रणालीमा विद्यमान तरलताको स्थिति, निक्षेप एवं कर्जाको परिवर्तन, अन्तर बैंक ब्याजदर, चालुखाता तथा भुक्तानी सन्तुलनको स्थिति, सरकारी राजश्व खर्चको स्थिति लगायत अन्य आर्थिक तथा वित्तीय सूचकका आधारमा देहाय बमोजिमका खुला बजार कारोबार सञ्चालन गर्न सक्नेछः-

(क) नियमित खुला बजार कारोबार, र

(ख) संरचनात्मक खुला बजार कारोबार ।

(२) खुला बजार कारोबारमा प्रयोग गरिने सुरक्षणपत्र तोकेबमोजिम हुनेछ ।

(३) खुला बजार कारोबारमा सहभागी काउण्टरपार्टीको बैंकमा खाता हुनु पर्नेछ ।

(४) खुला बजार कारोबारका किसिम, प्रयोग गरिने उपकरण, आवश्यक शर्त तथा अन्य प्रक्रिया कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

(५) मौद्रिक नीतिमा व्यवस्था भएबमोजिम अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा तोकिएको प्रतिशत भन्दा बढी विन्दुले माथि/तल भएमा विभागले कुनै पनि कार्य दिनमा तोकिएको सीमासम्म रिपो/रिभर्स रिपो तथा निक्षेप संकलन कारोबार सञ्चालन गर्न सक्नेछ ।

११. **<u>नियमित खुला बजार कारोबारः</u>** (१) वित्तीय बजारमा देखिने साधारण प्रकृतिको न्यून/अधिक तरलतालाई व्यवस्थापन गर्न समितिको निर्देशनमा विभागले आवश्यकता अनुसार सप्ताहको कुनै पनि कार्य दिनमा बढीमा चौध दिन सम्मका लागि देहाय बमोजिमका उपकरणमा आधारित नियमित खुला बजार कारोबार गर्न सक्नेछ ।

(क) रिपो/रिभर्स रिपो बोलकबोल र

(ख) निक्षेप संकलन उपकरण ।

(२) नियमित खुलाबजार कारोबारमा तत्कालीन आवश्यकता र परिस्थितिको आधारमा समितिको निर्देशनमा विभागले निर्धारण गरे बमोजिमका उपकरण प्रयोग गरिने छ ।

(३) विभागीय तहबाट सम्पन्न गरिने नियमित खुलाबजार कारोबार रकमको अधिकतम सीमा दैनिक रु. ३० अर्वको हुनेछ र सोभन्दा बढी रकमको कारोबारका लागि समितिले निर्णय गरेअनुसार हुनेछ । विभागले सम्पादन गरेको दैनिक रु. ३० अर्व

सिमासम्मको खुलाबजार कारोबार तत्काल बस्ने समितिको बैठकबाट समर्थन गराउनु पर्नेछ ।

१२. **रिपो/रिभर्स रिपो बोलकबोल कारोबारः** (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको न्यून/अधिक तरलता विद्यमान भएको निश्चित भएमा समितिको निर्देशनमा विभागले बढी मा चौध दिन अवधिको **तोकिएको सीमा सम्मको** अल्पकालीन रिपो/रिभर्स रिपो बोलकबोल कारोबारमार्फत तरलता प्रवाह/प्रशोचन गर्न सक्नेछ । यस्तो कारोबार गर्दा बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बराबरको सुरक्षणपत्र खरिद/बिक्री गर्ने प्रतिवद्धतासहित काउण्टरपार्टीसँग सम्झौता गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सम्झौता अनुसूची - १ मा उल्लिखित मास्टर रिपर्चेज एग्रीमेण्टबमोजिम हुनेछ । बैंकसँग माष्टर रिपर्चेज एग्रिमेण्ट नगरेका काउण्टरपार्टी रिपो/रिभर्स रिपो बोलकबोल कारोबारमा सहभागी हुन योग्य मानिने छैनन् ।

(३) रिपो/रिभर्स रिपो बोलकबोल कारोबारसम्बन्धी अन्य व्यवस्था अनुसूची १ को माष्टर रिपर्चेज एग्रीमेण्ट एवं कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

(४) रिपो सुविधा उपयोग गर्न प्रयोग गरिएका सुरक्षणपत्र काउण्टरपार्टीले बैकद्वारा निर्धारित बैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ती अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाउने  छैन ।

१३. **निक्षेप संकलन उपकरणः** (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको अधिक तरलता भएको समिति/विभागलाई लागेमा अल्पकालीन निक्षेप संकलन बोलकबोल कारोबारमार्फत् तरलता प्रशोचन गर्न सकिनेछ । यस्तो बोलकबोलमा तोकिएका काउण्टरपार्टीहरू मात्र सहभागी हुन पाउने छन् ।

(२) नियमित खुला बजार कारोबार अन्तर्गत ब्याजदरमा बोलकबोल गरिने साधारण प्रकृतिको निक्षेप संकलन कारोबार र ब्याजदर करिडोर अन्तर्गतको तोकिएको ब्याजदरको निक्षेप संकलन कारोबार गरी दुई किसिमको निक्षेप संकलन कारोबार हुनेछ ।

(३) यस कारोबारमा कुनै पनि सुरक्षणपत्रको प्रयोग गरिने छैन र आवश्यकताको आधारमा समिति/विभागको निर्णयबमोजिम कुनै पनि किसिमको निक्षेप संकलन उपकरणको प्रयोग गर्न सकिने छ ।

(४) निक्षेप संकलन बोलकबोल कारोबारसम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

१४. **संरचनात्मक खुला बजार कारोबारः** (१) वित्तीय प्रणालीमा तरलता प्रवाहका आन्तरिक तथा वाह्य परिसूचकहरूबाट दुई हप्ताभन्दा बढीको दीर्घकालीन प्रकृतिको तरलता असन्तुलनको अवस्था रहने देखिएमा समितिले दीर्घकालीन प्रकृतिको तरलता व्यवस्थापन र मौद्रिक नीतिको कार्यदिशाको संकेत दिन आवश्यकताअनुसार देहायका उपकरणमा आधारित संरचनात्मक खुला बजार कारोबार गर्न सक्नेछ ।

(क) सोझै खरिद/बिक्री बोलकबोल,

(ख) दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल,

(ग) दीर्घकालीन निक्षेप संकलन बोलकबोल र

(घ) नेपाल राष्ट्र बैंक ऋणपत्र ।

(२) संरचनात्मक खुलाबजार कारोबारमा तत्कालीन आवश्यकता र परिस्थितिको आधारमा समितिले निर्णय गरे बमोजिमका उपकरण प्रयोग गरिने छ ।

**१५. सोझै खरिद/बिक्री बोलकबोल कारोबार:** (१) वित्तीय प्रणालीमा दीर्घकालीन न्यून/अधिक तरलता भएको विषयमा समिति सन्तुष्ट भएमा सोझै खरिद/बिक्री बोलकबोल कारोबारमार्फत तरलता प्रवाह/प्रशोचन गर्न सकिनेछ । यस्तो कारोबार गर्दा काउण्टरपार्टीले नेपाल सरकारको ट्रेजरी बिल्स बाँकी अवधिको लागि खरिद/बिक्री गर्ने सम्झौता गर्नेछ ।

(२) सोझै खरिद/बिक्री बोलकबोल कारोबारसम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**१६. दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल :** (१) वित्तीय प्रणालीमा संरचनात्मक प्रकृतिको न्यून/अधिक तरलता विद्यमान भएको बारेमा समिति निश्चित भएमा बढीमा ६ महिना सम्मका लागि दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल कारोबारमार्फत तरलता प्रवाह/प्रशोचन गर्न सक्नेछ ।

(२) दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल कारोबारसम्बन्धी अन्य शर्त र व्यवस्थाहरू कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**१७. दीर्घकालीन निक्षेप संकलन बोलकबोल :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको अधिक तरलता विद्यमान भएको बारेमा समिति निश्चित भएमा बढीमा ६ महिना सम्मका लागि दीर्घकालीन निक्षेप संकलन कारोबारमार्फत तरलता प्रशोचन गर्न सक्नेछ ।

(२) दीर्घकालीन निक्षेप संकलन बोलकबोल कारोबार ब्याजदर बोलकबोलमार्फत गरिने छ ।

(३) दीर्घकालीन निक्षेप संकलन बोलकबोलकारोबार सम्बन्धी अन्य शर्त र व्यवस्थाहरू कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**१८. नेपाल राष्ट्र बैंक ऋणपत्र :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको अधिक तरलता विद्यमान भएको बारेमा समिति निश्चित भएमा सञ्चालक समितिको स्वीकृतिमा बढीमा एक वर्ष सम्मका लागि नेपाल राष्ट्र बैंक ऋणपत्र कारोबारमार्फत तरलता प्रशोचन गर्न सक्नेछ ।

(२) काउण्टरपार्टीहरूका बीचमा ऋणपत्रको ब्याजदरमा बोलकबोल गराई एकल ब्याजदरमा नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरिने छ ।

(३) नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोलसम्बन्धी अन्य व्यवस्था कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**१९. कारोबारबाट संकलित रकमको प्रयोग:** खुला बजार कारोबार तथा ब्याजदर करिडोरअन्तर्गत तरलता प्रशोचन गर्ने क्रममा जम्मा हुन आउने रकम बैंकले अन्य प्रयोजनमा प्रयोग गर्न पाउने छैन ।

## परिच्छेद - ४

## ब्याजदर करिडोरसम्बन्धी व्यवस्था

२०. **ब्याजदर करिडोर** : (१) अल्पकालीन ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्वका लागि मौद्रिक नीतिले तय गरेको ब्याजदर करिडोर कायम गर्न माथि उल्लिखित खुला बजारको अतिरिक्त देहाय बमोजिमका उपकरणहरू प्रयोगमा रहने छन् :-

(क) स्थायी तरलता सुविधा,

(ख) ओभरनाईट रिपो र

(ग) तोकिएको ब्याजदरको निक्षेप संकलन ।

(२) मौद्रिक नीति अनुसार ब्याजदर कोरिडोरको माथिल्लो सीमाको रूपमा रहेको बैंकदरमा स्थायी तरलता सुविधा, नीतिगत दरमा ओभरनाइट रिपो तथा तल्लो सीमाको दरमा तोकिएको ब्याजदरको निक्षेप संकलन कारोबार गरिने छ ।

(३) उपविनियम (१) को बुँदा नं. (क) र (ख) बमोजिमका उपकरणहरूका कारोबार तोकिएका बैंक तथा वित्तीय संस्थाहरूको मागको आधारमा तथा बुँदा नं. (ग) बमोजिमको उपकरणको कारोबार बैंकको अग्रसरतामा सञ्चालन गरिने छ ।

(४) ब्याजदर करिडोरका उपकरण प्रयोग गर्ने तोकिएका संस्थाको बैंकमा खाता हुनु पर्नेछ ।

(५) ब्याजदर करिडोरका अन्य शर्त र व्यवस्थाहरु कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

२१ **स्थायी तरलता सुविधा:** (१) बैंकिङ्ग प्रणालीमा तत्काल आईपर्ने तरलता समस्यालाई समाधान गर्नका लागि अनुसूची- २ बमोजिमको सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता गरेका तोकिए बमोजिमका काउण्टरपार्टीले तोकिएका सुरक्षणपत्रको धितोमा कार्यविधिबमोजिम विभागबाट सुविधा लिन सक्नेछन् ।

(२) तोकिएको सुरक्षणपत्रको धितोमा बैंकद्वारा निर्धारित ब्याजदरमा तोकिएको अवधि र सीमासम्म काउण्टरपार्टीले स्थायी तरलता सुविधा उपयोग गर्न सक्नेछन् । काउण्टरपार्टीले यो सुविधा उपयोग गर्न प्रयोग गरेका सुरक्षणपत्र बैकद्वारा निर्धारित वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ती अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाउने छैन ।

(३) स्थायी तरलता सुविधा बैंक तथा वित्तीय संस्थाको मागको आधारमा तोकिएको सीमासम्म प्रदान गरिनेछ र यो सुविधासम्बन्धी निर्णय विभागीय प्रमुखबाट हुनेछ ।

(४) स्थायी तरलता सुविधा माग गर्दा सम्बन्धित काउण्टरपार्टीले अघिल्लो सप्ताहन्तको स्वदेशी मुद्रामा रहेको आफ्नो कुल निक्षेपको विवरण समेत स्वघोषणा गर्नु पर्नेछ ।

(५) स्थायी तरलता सुविधासम्बन्धी अन्य शर्त तथा व्यवस्था सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता तथा कार्यविधिबमोजिम हुनेछ ।

२२. **ओभरनाईट रिपो** : (१) ब्याजदर करिडोरअन्तर्गत तरलता प्रवाह गर्नका लागि प्रयोग गरिने ओभरनाईट रिपो उपकरण यस बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गरेका “क”, “ख” र “ग” वर्गका

बैंक तथा वित्तीय संस्थाहरूले विनियम २६ बमोजिमको ग्राह्य सुरक्षणपत्रको धितोमा कार्यविधिले तोकेको शर्त तथा ब्याजदरमा उपयोग गर्न सक्नेछन् ।

(२) ओभरनाईट रिपोसम्बन्धी सुविधा बैंक तथा वित्तीय संस्थाको मागको आधारमा प्रदान गरिनेछ र यो सुविधासम्बन्धी निर्णय विभागीय प्रमुखबाट हुनेछ ।

(३) ओभरनाईट रिपोसम्बन्धी अन्य शर्त र व्यवस्थाहरू कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

२३. **तोकिएको ब्याजदरको निक्षेप संकलन** :(१) वित्तीय प्रणालीमा विद्यमान अधिक तरलताका कारण बजार ब्याजदरको प्रवृत्ति ब्याजदर करिडोरको तल्लो सीमा पार गर्ने बारेमा समिति/विभाग निश्चित भएमा एक हप्ता अवधि सम्मको तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण कारोबारमार्फत् तरलता प्रशोचन गर्न सकिनेछ । तर अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा मौद्रिक नीतिमा तोकिएको बिन्दुभन्दा बढीले घट्न गएमा विभागले कुनै पनि कार्य दिनमा तोकिएको सीमासम्म निक्षेप संकलन कारोबार सञ्चालन गर्नेछ ।

(२) यो कारोबार तोकिएको ब्याजदरमा कुल निष्काशित रकमको सीमाभित्र बोलकबोलमार्फत गरिने छ ।

(३) तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरणको कारोबार सम्बन्धी अन्य शर्त र व्यवस्थाहरू कार्यविधिमा तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - ५

## खुला बजार कारोबारका काउण्टरपार्टी

२४. **खुला बजार कारोबारका काउण्टरपार्टीको योग्यता**: (१) खुला बजार कारोबार सञ्चालन गर्ने प्रयोजनका लागि काउण्टरपार्टीको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष अनुपातको न्यूनतम पचास प्रतिशतसम्म पूँजीकोष अनुपात कायम भएको,

(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिमको कारबाहीमा परी समस्याग्रस्त संस्थाका रुपमा नरहेको र

(ग) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (१) को (घ), (च), (छ) र (ज) बमोजिमको कारबाहीमा नपरेको ।

(२) काउण्टरपार्टीको विनियम (१) बमोजिमको योग्यता सुनिश्चित गर्न बैंकका सम्बन्धित सुपरिवेक्षण विभागसँग त्रैमासिक रूपमा जानकारी माग गरिनेछ । तर आवश्यक देखिएमा जुनसुकै बखत काउण्टरपार्टीको योग्यता परीक्षण गर्न सकिनेछ ।

(३) विनियम (१) को व्यवस्थाका साथै माष्टर रिपर्चेज एग्रीमेण्ट तथा सुरक्षणपत्र धितो कारोबार सम्बन्धी सम्झौताबमोजिम खुला बजार कारोबारसम्बन्धी कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइएका काउण्टरपार्टी सो दायित्व राफसाफ

गरेको ६ महिना अवधि पूरा नभएसम्म खुला बजार कारोबार सम्बन्धी कुनै पनि बोलकबोलमा सहभागी हुन योग्य मानिने छैन ।

२५. **काउण्टरपार्टीले गर्न नहुने काम:** काउण्टरपार्टीले देहाय बमोजिमका काम गर्न पाइने छैनः-

(क) खुला बजार सञ्चालनको स्वस्थ, प्रतिस्पर्धी एवम् कुशल प्रक्रियालाई बाधा पुऱ्याउने,

(ख) काउण्टरपार्टीले एक आपसमा मिलोमतो गरी बजारको माग, आपूर्ति, ब्याजदर एवं तरलतालाई प्रभावित पार्ने,

(ग) काउण्टरपार्टीले आफूले कबोल गरेको रकम लिने/दिने तथा भुक्तानी प्रयोजनार्थ बैंकमा रहेको खातामा अपर्याप्त रकम राख्ने र

(घ) काउण्टरपार्टीले आफूले कबोल गरेको रकमका लागि आवश्यक योग्य सुरक्षणपत्र तोकिएको समय सीमाभित्र बैंकलाई उपलब्ध गराउन असमर्थ हुने ।

## परिच्छेद - ६

## सुरक्षण सम्बन्धी व्यवस्था

२६. **खुला बजार कारोबारका लागि सुरक्षणपत्र :** (१) खुला बजार कारोबारका सन्दर्भमा गरिने रिपो/रिभर्स रिपो एवं सोझै खरिद/बिक्री कारोबार तथा स्थायी तरलता सुविधा कारोबारका लागि देहाय बमोजिमका सुरक्षणपत्रको प्रयोग गरिने छ ः-

(क) सरकारी सुरक्षणपत्रहरू (ट्रेजरी बिल्स र विकास ऋणपत्रहरू),

(ख) नेपाल राष्ट्र बैंक ऋणपत्र, र

(ग) बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र ।

(२) खुला बजार कारोबार वा स्थायी तरलता सुविधाका लागि उपविनियम (१) बमोजिमका कुनै एक वा सोभन्दा बढी किसिमका सुरक्षणपत्र कार्यविधिमार्फत् तोक्न सकिनेछ ।

२७. **सुरक्षणपत्रको मूल्याङ्कन:** खुला बजार कारोबार गर्दा सुरक्षणपत्रको तरलता, निष्काशन गर्ने निकायको साख, अंकित ब्याजदर र सोको बाँकी भुक्तानी अवधिका आधारमा सुरक्षणपत्र मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद - ७

## विविध

२८. **समिति र विभाग बीचको सम्बन्धः** यस विनियमावली बमोजिम समितिसँग सम्पर्क गर्नु परेमा विभागमार्फत् गर्नु पर्नेछ ।

२९. **कारोबारको अख्तियारीः** यस विनियमावली बमोजिम गरिने खुला बजार कारोबार तथा ब्याजदर करिडोर सम्बन्धी कारोबारको अख्तियारी अनुसूची - ३ मा तोकिएबमोजिम हुनेछ ।

३०. **आन्तरिक कार्यविधि बनाउनेः** (१) यस विनियमावली बमोजिमको काम कारबाही सुव्यवस्थित, सरल, छिटो छरितो, र प्रभावकारी रूपमा सञ्चालन गर्न विभागले आवश्यक परिपत्र, निर्देशन जारी गर्न तथा आन्तरिक कार्यविधि एवं अख्तियार प्रत्यायोजन तालिका समेत बनाउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जारी गरिने परिपत्र, निर्देशन, आन्तरिक कार्यविधि एवं अधिकार प्रत्यायोजन तालिका गभर्नरबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) यस विनियमावलीमा रहेका अनुसूचीको संशोधन गर्ने अधिकार गभर्नरलाई हुनेछ ।

३१. **व्याख्या गर्ने अधिकारः** यस विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

३२. **बाधा अड्काऊ फुकाउने अधिकारः** यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काऊ पर्न आएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार समितिको सिफारिशमा गभर्नरलाई हुनेछ ।

३३. **खारेजी र बचाउ :** (१) नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज गरिएको विनियमावली बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

# माष्टर रिपर्चेज एग्रीमेण्ट

**प्रस्तावना**

मौद्रिक तरलता व्यवस्थापनको उपकरणको रूपमा नेपाल राष्ट्र बैंकको अग्रसरतामा बोलकबोलको माध्यमबाट रिपो तथा रिभर्स रिपो कारोबारमार्फत वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरूमा तरलता प्रवाह तथा तरलता प्रशोचन हुँदै आएकोमा सो कारोबारलाई व्यवस्थित एवं सुरक्षित बनाउन ऋणी (तरलता उपयोगकर्ता) र ऋणदाता (तरलता उपलब्धकर्ता)का बीचमा स्पष्ट सम्झौताका शर्तहरूको आवश्यकता महशुस भएकोले तथा कारोबारमा संलग्न पक्षहरूको अधिकार एवं कर्तव्यलाई स्पष्ट व्यवस्थाको आधारमा निर्देशित गर्न देहायमा उल्लेखित शर्तहरू निर्धारण गरी नेपाल राष्ट्र बैंक (यसपछि "प्रथम पक्ष" भनिएको) र ............................................... ( यसपछि "द्वितीय पक्ष" भनिएको) बीच नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावलीको अधिनमा रही यो सम्झौता (Master Repurchase Agreement) गरिएको छ ।

**शर्तहरू**

१. **उपकरण (Instruments)**

(क) यस सम्झौता अन्तर्गत बोलकबोलको माध्यमबाट रिपो तथा रिभर्स रिपो कारोबार हुनेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने रिपो कारोबारमार्फत नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरूमा तरलता प्रवाह हुनेछ । यस कारोबारमा नेपाल राष्ट्र बैंक ऋणदाता ( तरलता उपलब्धकर्ता) र वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरू ऋणी (तरलता उपयोगकर्ता) हुनेछन् ।

(ग) रिभर्स रिपो कारोबारमार्फत नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीमा रहेको अधिक तरलता प्रशोचन गर्नेछ । यस कारोबारमा वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरू ऋणदाता (तरलता उपलब्धकर्ता) र नेपाल राष्ट्र बैंक ऋणी (तरलता उपयोगकर्ता) हुनेछ ।

२. **कारोबार (Transaction)**

(क) यस सम्झौता अन्तर्गतको कारोबार "प्रथम पक्ष" को अग्रसरतामा मात्र हुनेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने ऋणसापटी कारोबार धितोमा आधारित (Collateralized Loan) हुनेछ ।

(ग) यस सम्झौताको बुँदा ३ अनुसारको ग्राह्य सुरक्षणपत्र (Eligible Securities) धितो राखी निर्धारित समयावधिका लागि निर्धारित ब्याजदरमा ऋणदाताबाट ऋणीले यस्तो ऋण सापटी लिनेछ ।

(घ) यस्तो ऋण सापटी कारोबार बोलकबोलको माध्यमबाट हुनेछ ।

(ङ) ऋण सापटी भुक्तानी हुने दिनमा ऋणीले ऋणदातालाई साँबा र ब्याज रकम बुझाउनु पर्नेछ ।

(च) यस सम्झौता अन्तर्गत हुने ऋण सापटी कारोबारको अवधि समितिले आव्हान गरेको सूचनामा तोकिए बमोजिम हुनेछ ।

(छ) यस सम्झौता अन्तर्गत हुने कारोबारका अन्य व्यवस्था तथा शर्त कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

## ३. ग्राह्य सुरक्षणपत्र (Eligible Securities)

(क) नेपाल सरकारद्वारा निष्कासित ट्रेजरी बिल्स, विकास ऋणपत्र तथा नेपाल राष्ट्र बैंकबाट निष्कासित नेपाल राष्ट्र बैंक ऋणपत्र र मौद्रिक नीतिमा उल्लेख भएका अन्य सुरक्षणपत्रहरूलाई मात्र यस प्रयोजनका लागि ग्राह्य सुरक्षणपत्र मानिनेछ ।

(ख) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबार गर्न धितो स्वरूप राखिने ग्राह्य सुरक्षणपत्रको भुक्तानी अवधि ऋणसापटीको भुक्तानी अवधि बराबर वा सोभन्दा बढी हुनु पर्नेछ ।

## ४. धितो (Collateral)

(क) ऋणीले ऋण सापटीका लागि धितो स्वरूप ग्राह्य सुरक्षणपत्र राख्नु पर्नेछ । यसरी धितो राखिने ग्राह्य सुरक्षणपत्रको अंकित मूल्यको अधिकतम ९० प्रतिशत रकम मात्र ऋण सापटीको रूपमा उपयोग गर्न सकिनेछ ।

तर, ऋणी “प्रथम पक्ष” भएमा उक्त पक्षले धितो राखेको सुरक्षणपत्रको विवरण (Advice) “द्वितीय पक्ष” लाई उपलब्ध गराउने छ, विवरण (Advice) का आधारमा “द्वितीय पक्ष” को हकदावी कायम रहनेछ तथा यस्तो विवरण (Advice) अन्तर बैंक कारोबारमा धितोको रूपमा प्रयोग गर्न सकिनेछ ।

(ख) धितोको मूल्याङ्कन विनियम २७ मा उल्लेखित व्यवस्थाबमोजिम हुनेछ ।

(ग) धितो स्वरूप रहेको सुरक्षणपत्रहरू आधिकारिक निकायमा ऋणदाताको नाममा रोक्का रहने छन् । यस्तो धितो स्वरूप रहने सुरक्षणपत्र ऋणदाताको सहमतिमा प्रतिस्थापित (Substitution) गर्न सकिनेछ ।

(घ) धितो स्वरूप रहेको सुरक्षणपत्र ऋणसापटीको भुक्तानी नभएसम्म ऋणदाताले बिक्री गर्न वा अन्य प्रयोजनमा दोहोरो धितो राख्न पाउने छैन ।

(ङ) धितो स्वरूप रहने सुरक्षणपत्र एकमुष्ट वा खण्डित वा दुवै हुन सक्नेछ ।

(च) धितो स्वरूप रहेको सुरक्षणपत्रमा ऋणीले ऋणसापटी लिएको मितिदेखि ऋणदाताको हक कायम हुनेछ । भुक्तानी मितिमा ऋणीले ऋणसापटीको साँबा तथा ब्याजको सम्पूर्ण रकम भुक्तानी गरिसकेपछि धितो स्वरूप रहेको सुरक्षणपत्रको हक स्वतः ऋणीमा हस्तान्तरण हुनेछ ।

(छ) केन्द्रीय निक्षेप प्रणाली (CDS) र धितो पत्रको अभौतिकीकरण (Demat) प्रणाली लागू भएको अवस्थामा “प्रथम पक्ष” ले सूचना जारी गरी खण्ड (च) को सट्टा यस्तो दर्ता प्रणालीको माध्यमबाट पनि हक कायम तथा हस्तान्तरण सम्बन्धी व्यवस्थाहरू गर्न सकिनेछ ।

(ज) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबारको लागि प्रयोगमा आउने धितोको सम्बन्धमा ऋणीले छुट्टै अभिलेख कायम गर्नु पर्नेछ र यस सम्झौता अन्तर्गत धितोको हक कायम भएको यस्तो सुरक्षणपत्र ऋणदाताको स्वामित्वमा रहेका अन्य सुरक्षणपत्रहरू भन्दा भिन्न किसिमले पहिचान गर्न तदनुरूपको अभिलेख व्यवस्था कायम गर्नु पर्नेछ ।

(झ) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबारमा धितोको रूपमा रहेको सुरक्षणपत्र “द्वितीय पक्ष”ले “प्रथम पक्ष”को निर्देशनबमोजिम कायम गर्नुपर्ने बैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ती अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाउने छैन ।

## ५. बोलकबोल प्रक्रिया र कारोबार पुष्टी

(क) यस सम्झौताको बुँदा २ (क) अनुसार “प्रथम पक्ष” ले निर्धारण गरेको सम्बन्धित कारोबारको ऋणसापटी रकम, सोको अवधि, बोलपत्र पेश गर्नुपर्ने समय आदि विवरणहरू खुलाई “प्रथम पक्ष” ले द्वितीय पक्षलाई टेलिफोन, प्रकाशन वा अन्य विद्युतीय माध्यमबाट बोलकबोलमा सहभागी हुन सूचना गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको सूचनामा आधारित भई “द्वितीय पक्ष” ले सम्बन्धित कारोबारमा सहभागी हुन “प्रथम पक्ष” ले निर्धारण गरेको ढाँचा एवं प्रक्रियामा आधारित भई बोलकवोलमा सहभागी हुनु पर्नेछ ।

(ग) बोलकबोलको नतिजाबारे टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट जानकारी लिनु दिनु पर्नेछ ।

(घ) बोलकबोल सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

(ङ) निम्न विषयहरू उल्लेख गरी “प्रथम पक्ष”ले “द्वितीय पक्ष”लाई कारोबार पुष्टी (Confirmation) को जानकारी दिनेछः

अ) ऋणसापटी लिए/दिएको मिति (Date of Borrowing/Lending)

आ) ब्याजदर वा प्रतिफल दर (Rate of Interest or Yield Rate)

इ) भुक्तानी मिति (Repayment Date)

ई) आवश्यक अन्य कुराहरू ।

## ६. भुक्तानी तथा हस्तान्तरण (Payment and Transfer)

यस सम्झौता अन्तर्गत एक पक्ष र अर्को पक्षबीच गरिने सुरक्षणपत्र तथा नगदको हस्तान्तरणसम्बन्धी कार्य निर्धारित प्रक्रिया पूरा गरी तोकिएको समयभित्र गर्नु पर्नेछ ।

## ७. प्रतिनिधित्व (Representation)

(क) दुवै पक्षका आधिकारिक प्रतिनिधिले यस सम्झौतामा हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(ख) यस सम्झौताअन्तर्गत हुने ऋणसापटी कारोबार सम्बन्धी कार्यान्वयनलगायत भुक्तानी तथा हस्तान्तरणसम्बन्धी कार्यहरू सम्पादन गर्नको लागि दुवै पक्षको तर्फबाट अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर आवश्यक पर्नेछ ।

## ८. दायित्व निर्वाह गर्न असमर्थताको अवस्था (Events of Defaults) र सो सम्बन्धी व्यवस्था

(क) निम्न अवस्थामा दायित्व निर्वाह गर्न असमर्थ भएको मानिने छ :

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले ऋणदातालाई सुरक्षणपत्रको हक हस्तान्तरण गर्न असमर्थ भएमा वा ऋणदाताले ऋणीबाट सुरक्षणपत्र खरिद गर्न असमर्थ भएमा ।

आ) भुक्तानी मितिमा ऋणीले ऋणदातालाई साँबा तथा ब्याज रकम भुक्तानी गर्न असमर्थ भएमा ।

इ) कुनै पक्षले यस सम्झौतामा उल्लेखित शर्तको पालना नगरेमा ।

(ख) सम्बन्धित पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको अवस्थामा देहायबमोजिम हुनेछ :

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले सुरक्षणपत्र हस्तान्तरण गर्न नसकेमा तथा निर्धारित प्रक्रियागत व्यवस्थाको आधारमा ऋणदाताले ऋणसापटी प्रदान गर्न नसकेमा स्वीकृत ऋणसापटी रकमको एकमुष्ट २.५० प्रतिशतले हुने रकम हर्जाना स्वरूप अर्को पक्षलाई बुझाउनु पर्नेछ ।

आ) भुक्तानी मितिमा ऋणीले साँबा ब्याज रकम भुक्तानी गर्न नसकेमा भुक्तानी मिति पश्चात् पाँच दिनभित्र उक्त ऋणसापटीको निर्धारित ब्याजदरमा २.५० प्रतिशत दरले थप हर्जाना ब्याज सहित भुक्तानी गरी ऋणीले धितोको रूपमा ऋणदातासँग रहेको सुरक्षणपत्र निखन्न सक्नेछ । उक्त अवधिसम्म पनि कारोबार राफसाफ नभएमा धितो स्वरूप रहेको सुरक्षणपत्र ऋणदाताले पूरै खरिद गर्न सक्नेछ । यसरी सुरक्षणपत्र खरिद गर्दा ऋणदाताको साँवा, ब्याज, हर्जाना ब्याज तथा धितोको स्वामित्व हस्तान्तरणमा लाग्ने नियमानुसारको दस्तुर रकम समेत असुल गरी बाँकी रहने रकम ऋणीलाई फिर्ता दिइने छ ।

इ) बोलकबोलमा सहभागी “द्वितीय पक्ष” ऋणी भएको अवस्थामा ऋणसापटी लिने दिने मितिमा बोलपत्रमा उल्लेखित आवश्यक ग्राह्य सुरक्षणपत्र पेश नगर्ने ऋणीलाई तथा बोलकबोलमा सहभागी “द्वितीय पक्ष” ऋणदाता भएको अवस्थामा ऋणसापटी लिने दिने मितिमा स्वीकृत बोल रकमका लागि खातामा पर्याप्त रकम मौज्दात नहुने ऋणदातालाई तोकिए बमोजिमको हर्जानाका साथै आगामी ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइने छ ।

ई) “प्रथम पक्ष” ऋणदाता भएको अवस्थामा ऋणीबाट भुक्तानी मितिमा साँवा ब्याज असुल भएपछि ऋणीको आधिकारिक पत्रको आधारमा ऋणदातासँग रहेको सुरक्षणपत्रको हक हस्तान्तरण गरी ऋणीलाई उपलब्ध गराउनुपर्नेछ । “प्रथम पक्ष” ऋणी भएको अवस्थामा “प्रथम पक्ष” ले उपलब्ध गराएको विवरण (Advice) को बहाली मिति (Validity Date) सम्म कुनै दावी विरोध नआएमा भुक्तानी मितिमा “द्वितीय पक्ष” लाई साँबा ब्याज भुक्तानी गरी दिएपछि सुरक्षणको रूपमा उपलब्ध गराएको विवरण (Advice) स्वतः रद्द भएको मानिने छ ।

उ) यस अन्तर्गत कारोबार गर्ने कुनै एक पक्षले यो सम्झौतामा उल्लेखित कुनै वा सम्पूर्ण शर्तहरू पालना गर्न नसकेको वा नचाहेको अवस्थामा अर्को पक्षले सम्झौताको पूर्ण पालना गराउन समिति समक्ष निवेदन गर्न सक्नेछ ।

ऊ) यस सम्झौता अन्तर्गत भएको ऋण सापटीको भुक्तानी मितिमा कुनै सार्वजनिक विदा परी वा काबु बाहिरको परिस्थितिको कारणले कारोबार राफसाफ हुन नसकेमा सो मिति पछिको कारोबार गर्न सकिने दिन वा कार्यालय खुल्ने दिन हिसाव मिलान गरिने छ । यसरी हिसाब मिलान गर्दा हिसाब मिलान गरिने भन्दा अघिल्लो दिनसम्मको तोकिएको दरमा हुने ब्याज रकम ऋणीले ऋणदातालाई भुक्तानी गर्नु पर्नेछ ।

(ए) ऋणदाता वा ऋणी कुनै कारणबस दामासाहीमा परेमा वा त्यस्तो अवस्थामा पुग्न गएमा कारोबार माथिको अर्को पक्षको अग्राधिकार दावी (साँबा ब्याज भुक्तानी तथा सुरक्षणपत्र हस्तान्तरण) कायमै रहनेछ ।

## ९. विविध

(क) यो सम्झौता “प्रथम पक्ष” र “द्वितीय पक्ष” ले हस्ताक्षर गरेको मितिदेखि तीन आर्थिक वर्षका लागि लागू हुनेछ । यस अवधिमा सम्झौताका पक्षहरूको नाम परिवर्तन भएमा समेत यसै सम्झौता बमोजिम भएको मानिने छ ।

(ख) यो सम्झौतामा संशोधन, थपघट वा परिमार्जन गर्नु परेमा वा सम्झौता नै भंग गर्नु परेमा "प्रथम पक्ष" र "द्वितीय पक्ष" को सहमतिमा गर्न सकिनेछ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस बैंकबाट नीतिगत निर्णय वा विनियमावली संशोधनका क्रममा भएका संशोधन वा परिवर्तनका प्रावधानहरू समेत यस सम्झौताका अभिन्न अङ्गको रूपमा लागू हुनेछन् ।

(घ) यो सम्झौताको अवधि समाप्त भए पछि "प्रथम पक्ष" र "द्वितीय पक्ष" का बीचमा पुनः नयाँ सम्झौता गरी सुविधाको निरन्तरता दिन सकिनेछ ।

(ङ) यो सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८, राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ तथा अन्य नेपाल कानून र नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, निर्देशन तथा व्यवस्थासँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(च) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू (बोलपत्र आह्वान, बोलपत्र पेश, बोलपत्र स्वीकृति, खाता खर्च/जम्मा आदि) यस सम्झौताका पुरक कार्यहरूको रूपमा रहनेछन् ।

(छ) यस सम्झौतामा उल्लेख भएका कुनै विषयको व्याख्या गर्ने तथा यस सम्झौता कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने अधिकार समितिमा रहनेछ ।

| | |
|---|---|
| **नेपाल राष्ट्र बैंकको तर्फबाट** | **... ... ... ... ... ...को तर्फबाट** |
| **आधिकारिक प्रतिनिधिः** | **आधिकारिक प्रतिनिधिः** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/ कार्यालय : | विभागः |
| बैंकको छापः | बैंक/वित्तीय संस्थाको छापः |
| **साक्षीः** | **साक्षीः** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/कार्यालय : | विभागः |

इति सम्बत् २०...... साल ...... महिना ... गते रोज ... शुभम् ।

## अनुसूची - २

# सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता

**प्रस्तावना**

बैकिङ्ग प्रणालीमा तत्काल आईपर्ने तरलता समस्याको समाधानको उपायको रूपमा तोकिए बमोजिमका संस्थाहरूको मागको आधारमा उपयोग हुने स्थायी तरलता सुविधा (Standing Liquidity Facility-SLF) कारोबार मार्फत नेपाल राष्ट्र बैंकले तरलता प्रवाह गर्दै आएकोमा सो कारोबारलाई व्यवस्थित एवं सुरक्षित बनाउन ऋणी (तरलता उपयोगकर्ता) र ऋणदाता (तरलता उपलब्धकर्ता) का बीचमा स्पष्ट सम्झौताका शर्तहरूको आवश्यकता महसूस भएकोले तथा कारोबारमा संलग्न पक्षहरूको अधिकार एवं कर्तव्यलाई स्पष्ट व्यवस्थाको आधारमा निर्देशित गर्न देहायमा उल्लेखित शर्तहरू निर्धारण गरी ऋणदाता/नेपाल राष्ट्र बैंक (यसपछि "प्रथम पक्ष" भनिएको) र ऋणी/.............................................. (यसपछि "द्वितीय पक्ष" भनिएको) बीच नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावलीको अधिनमा रही यो सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता गरिएको छ ।

**शर्तहरू**

**१. उपकरण (Instruments)**

(क) यस सम्झौता अन्तर्गत अल्पकालीन तरलता व्यवस्थापनका लागि ऋणीको मागको आधारमा स्थायी तरलता सुविधाको कारोबार हुनेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने स्थायी तरलता सुविधा कारोबारमार्फत नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीमा तरलता प्रवाह हुनेछ । यस कारोबारमा नेपाल राष्ट्र बैंक ऋणदाता (तरलता उपलब्धकर्ता) र वाणिज्य बैंक, विकास बैंक एवं वित्त कम्पनीहरू ऋणी (तरलता उपयोगकर्ता) हुनेछन् ।

(ग) यस सम्झौता अन्तर्गत हुने ऋण सुविधाको माग गर्दा ऋणीले प्रयोजन खुलाउनु पर्नेछ । एउटा प्रयोजनका लागि लिएको ऋण अर्को प्रयोजनमा उपयोग गर्न पाइने छैन । ऋण सुविधाको उपयोगका सम्बन्धमा ऋणदाताले ऋणीसँग आवश्यक सूचना माग गर्न वा स्थलगत सुपरिवेक्षण गर्न सक्ने छ ।

**२. कारोबार (Transaction)**

(क) यस सम्झौता अन्तर्गतको कारोबार "द्वितीय पक्ष" को मागको आधारमा मात्र हुनेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने ऋणसापटी कारोबार धितोमा आधारित (Collateralized Loan) हुनेछ ।

(ग) यस सम्झौताको बुँदा ३ अनुसारको ग्राह्य सुरक्षणपत्र (Eligible Securities) धितो राखी निर्धारित समयावधिका लागि निर्धारित ब्याजदरमा ऋणदाताबाट ऋणीले यस्तो ऋणसापटी लिन सक्नेछ ।

(घ) ऋणसापटी भुक्तानी हुने दिनमा ऋणीले ऋणदातालाई साँवा र ब्याज रकम बुझाउनु पर्नेछ ।

(ङ) यस सम्झौता अन्तर्गत हुने ऋण सापटी कारोबारको ब्याजदर, रकम सीमा, धितो सुरक्षण, अधिकतम अवधि, हर्जाना तथा धितो सकार लगायत शर्त कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।

**३. ग्राह्य सुरक्षणपत्र (Eligible Securities)**

(क) नेपाल सरकारद्वारा निष्काशित ट्रेजरी बिल्स, विकास ऋणपत्र तथा नेपाल राष्ट्र बैंकबाट निष्कासित नेपाल राष्ट्र बैंक ऋणपत्र र मौद्रिक नीतिमा उल्लेख भएका अन्य सुरक्षणपत्रहरूलाई मात्र यस प्रयोजनका लागि ग्राह्य सुरक्षणपत्र मानिनेछ ।

(ख) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबार गर्न धितो स्वरूप राखिने ग्राह्य सुरक्षणपत्रको भुक्तानी अवधि ऋणसापटीको भुक्तानी अवधि बराबर वा सोभन्दा बढी हुनु पर्नेछ ।

## ४. धितो (Collateral)

(क) ऋणीले ऋण सापटीका लागि धितोस्वरूप ग्राह्य सुरक्षणपत्र राख्नु पर्नेछ । यसरी धितो राखिने ग्राह्य सुरक्षणपत्रको अंकित मूल्यको अधिकतम ९० प्रतिशत रकम मात्र ऋणीले ऋण सापटीको रूपमा उपयोग गर्न सक्नेछ ।

(ख) धितोको मूल्याङ्कन विनियम २७ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

(ग) ऋणीले ऋण सापटी वापत धितो राखेका सुरक्षणपत्रहरू ऋणदाताको नाममा बैंकमा वा अन्य आधिकारिक निकायमा रोक्का रहने छन् ।

(घ) धितो स्वरूप रहेको सुरक्षणपत्र ऋणसापटीको भुक्तानी नभएसम्म ऋणदाताले बिक्री गर्न वा अन्य प्रयोजनमा दोहोरो धितो राख्न पाउने छैन ।

(ङ) धितो स्वरूप रहने सुरक्षणपत्र एकमुष्ट वा खण्डित वा दुवै हुन सक्नेछ ।

(च) यस सम्झौता अन्तर्गत ऋणसापटी कारोबारको लागि प्रयोगमा आउने धितोको सम्बन्धमा ऋणीले छुट्टै अभिलेख कायम गर्नु पर्नेछ र यस सम्झौता अन्तर्गत धितोको हक कायम भएको यस्तो सुरक्षणपत्र ऋणदाताको स्वामित्वमा रहेका अन्य सुरक्षणपत्रहरू भन्दा भिन्न किसिमले पहिचान गर्न तदनुरूपको अभिलेख व्यवस्था कायम गर्नु पर्नेछ ।

## ५. सुविधा माग प्रक्रिया र कारोबार पुष्टी

(क) यस सम्झौता अनुसारको ऋणसापटी सुविधाका लागि रकम, प्रयोजन, अवधि, आफ्नो स्वामित्वमा रहेका सुरक्षणपत्र, धितो स्वरूप राखिने सुरक्षणपत्र लगायत विवरण खुलाई धितो राखिने सुरक्षणपत्रको सक्कलै प्रति सहित कार्यालय समय सकिनु कम्तिमा एक घण्टा अगाडि "द्वितीय पक्ष" ले "प्रथम पक्ष" समक्ष तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको निवेदनमा आवश्यक प्रक्रिया पूरा गरी "प्रथम पक्ष"ले सोही दिन ऋण रकम स्वीकृत गरी "द्वितीय पक्ष"को खातामा जम्मा गरि दिनेछ ।

(ग) "प्रथम पक्ष"ले "द्वितीय पक्ष"को खातामा ऋण रकम जम्मा गरेपश्चात कारोबारको पुष्टि भएको मानिने छ र आवश्यकता अनुसार टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट समेत कारोबारको जानकारी लिन दिन सकिनेछ ।

(घ) ऋण स्वीकृति सम्बन्धमा "प्रथम पक्ष"को निर्णय अन्तिम हुनेछ ।

## ६. भुक्तानी तथा हस्तान्तरण (Payment and Transfer)

यस सम्झौता अन्तर्गत एक पक्ष र अर्को पक्षबीच गरिने सुरक्षणपत्र तथा नगदको हस्तान्तरण सम्बन्धी कार्य निर्धारित प्रक्रिया पूरा गरी तत्काल गर्नु पर्नेछ ।

## ७. प्रतिनिधित्व (Representation)

(क) दुवै पक्षका आधिकारिक प्रतिनिधिले यस सम्झौतामा हस्ताक्षर गरेको हुनु पर्नेछ ।

(ख) यस सम्झौता अन्तर्गत हुने ऋणसापटी कारोबार सम्बन्धी कार्यान्वयन लगायत भुक्तानी तथा हस्तान्तरण सम्बन्धी कार्यहरू सम्पादन गर्नको लागि दुवै पक्षको तर्फबाट अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर आवश्यक पर्नेछ ।

## ८. दायित्व निर्वाह गर्न असमर्थताको अवस्था (Events of Defaults) र सो सम्बन्धी व्यवस्था

(क) निम्न अवस्थामा दायित्व निर्वाह गर्न असमर्थ भएको मानिने छ :

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले ऋणदातालाई निवेदन अनुसारको ग्राह्य सुरक्षणपत्र धितो स्वरूप पेश गर्न असमर्थ भएमा वा ऋणदाताले स्वीकृत ऋण सापटी रकम ऋणीलाई प्रदान गर्न असमर्थ भएमा ।

आ) भुक्तानी मितिमा ऋणीले ऋणदातालाई साँवा तथा ब्याज रकम भुक्तानी गर्न असमर्थ भएमा ।

इ) ऋणीले एउटा प्रयोजनका लागि लिएको ऋण रकम अन्य प्रयोजनमा उपयोग गरेमा ।

ई) कुनै पक्षले यस सम्झौतामा उल्लेखित शर्तको पालना नगरेमा ।

(ख) सम्बन्धित पक्षले दायित्व निर्वाह गर्न असमर्थ भएको अवस्थामा देहाय बमोजिम हुनेछ :

अ) ऋणसापटी लिने दिने मितिमा ऋणीले सुरक्षणपत्र हस्तान्तरण गर्न नसकेमा तथा निर्धारित प्रक्रियागत व्यवस्थाको आधारमा ऋणदाताले ऋणसापटी प्रदान गर्न नसकेमा स्वीकृत ऋणसापटी रकमको एकमुष्ट २.५० प्रतिशतले हुने रकम हर्जाना स्वरूप अर्को पक्षलाई बुझाउनु पर्नेछ ।

आ) भुक्तानी मितिमा ऋणीले साँवा ब्याज रकम भुक्तानी गर्न नसकेमा भुक्तानी मिति पश्चात् पाँच कार्य दिनभित्र उक्त ऋणसापटीको साँवा, ब्याज तथा निर्धारित ब्याजदरको शत प्रतिशत विन्दुले हर्जाना ब्याज थप भुक्तानी गरी ऋणीले धितोको रूपमा ऋणदातासँग रहेको सुरक्षणपत्र निखन्न सक्नेछ । उक्त अवधिसम्म पनि कारोबार राफसाफ नभएमा सो उपकरणको धितो स्वरूप रहेको सुरक्षणपत्र ऋणदाताले पूरै खरिद गर्न सक्नेछ । यसरी सुरक्षणपत्र खरिद गर्दा ऋणदाताको साँवा, ब्याज, हर्जाना ब्याज तथा धितोको स्वामित्व हस्तान्तरणमा लाग्ने नियमानुसारको दस्तुर रकम समेत असुल गरी बाँकी रहने रकम ऋणीलाई फिर्ता दिइने छ । यसरी भुक्तानी मितिमा साँवा र ब्याज रकम भुक्तानी गर्न नसक्ने ऋणीलाई सो दायित्व राफसाफ गरेको ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोरसम्बन्धी कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

इ) यस सम्झौता अन्तर्गत कारोबार गर्ने कुनै एक पक्षले सम्झौतामा उल्लेखित कुनै वा सम्पूर्ण शर्तहरू पालना गर्न नसकेको वा नचाहेको अवस्थामा अर्को पक्षले सम्झौताको पूर्ण पालना गराउन समिति समक्ष निवेदन गर्न सक्नेछ ।

ई) यस सम्झौता अन्तर्गत भएको ऋण सापटीको भुक्तानी मितिमा कुनै सार्वजनिक विदा परी वा काबु बाहिरको परिस्थितिको कारणले कारोबार राफसाफ हुन नसकेमा सो मितिपछिको कारोबार गर्न सकिने दिन वा कार्यालय खुल्ने दिन हिसाब मिलान गरिने छ । यसरी हिसाब मिलान गर्दा अघिल्लो दिनसम्मको तोकिएको दरमा हुने ब्याज रकम ऋणीले ऋणदातालाई भुक्तानी गर्नु पर्नेछ ।

(उ) ऋणदाता वा ऋणी कुनै कारणवश दामासाहीमा परेमा वा त्यस्तो अवस्थामा पुग्न गएमा कारोबार माथिको अर्को पक्षको अग्राधिकार दावी (साँवा ब्याज भुक्तानी तथा सुरक्षणपत्र हस्तान्तरण) कायमै रहनेछ ।

## ९. विविध

(क) यो सम्झौता "प्रथम पक्ष" र "द्वितीय पक्ष" ले हस्ताक्षर गरेको मितिदेखि तीन आर्थिक वर्षका लागि लागू हुनेछ । यस अवधिमा सम्झौताका पक्षहरूको नाम परिवर्तन भएमा समेत यसै सम्झौताबमोजिम भएको मानिने छ ।

(ख) यो सम्झौतामा संशोधन, थपघट वा परिमार्जन गर्नु परेमा वा सम्झौता नै भंग गर्नु परेमा "प्रथम पक्ष" र "द्वितीय पक्ष" को सहमतिमा गर्न सकिनेछ ।

(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस बैंकबाट नीतिगत निर्णय वा विनियमावली संशोधनका क्रममा भएका संशोधन वा परिवर्तनका प्रावधानहरू समेत यस सम्झौताका अभिन्न अङ्गको रूपमा लागू हुनेछन् ।

(घ) यो सम्झौताको अवधि समाप्त भए पछि "प्रथम पक्ष" र "द्वितीय पक्ष" का बीचमा पुनः नयाँ सम्झौता गरी सुविधाको निरन्तरता दिन सकिनेछ ।

(ङ) यो सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल राष्ट्र बैंक ऐन, २०५८, राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ तथा अन्य नेपाल कानून र नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, निर्देशन तथा व्यवस्थासँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

(च) यस सम्झौताको कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण कार्यहरू (ऋण सापटी माग, स्वीकृति, धितो सुरक्षण रोक्का, खाता खर्च/जम्मा आदि) यस सम्झौताका पूरक कार्यहरूको रूपमा रहनेछन् ।

(छ) यस सम्झौतामा उल्लेख भएका कुनै विषयको व्याख्या गर्ने तथा यस सम्झौता कार्यान्वयनका लागि आवश्यक निर्णय गर्ने अधिकार समितिमा रहनेछ ।

| **नेपाल राष्ट्र बैंकको तर्फबाट** | **... ... ... ... ... ...को तर्फबाट** |
|---|---|
| **आधिकारिक प्रतिनिधिः** | **आधिकारिक प्रतिनिधिः** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/ कार्यालय : | विभागः |
| बैंकको छापः | बैंक/वित्तीय संस्थाको छापः |
| **साक्षीः** | **साक्षीः** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| विभाग/कार्यालय : | विभागः |

इति सम्वत् २०...... साल ...... महिना ... गते रोज ... शुभम् ।

## <u>अनुसूची - ३</u>

## खुला बजार कारोबार तथा ब्याजदर करिडोरसम्बन्धी अख्तियारी

| क.सं | उपकरण/कारोबार | निर्णय | कार्यान्वयन |
|---|---|---|---|
| १ | रिपो* | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| २ | रिभर्स रिपो* | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| ३ | Outright Sale | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| ४ | Outright Purchase | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| ५ | निक्षेप संकलन* | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| ६ | स्थायी तरलता सुविधा | विभागीय प्रमुख | विभाग |
| ७ | ओभरनाईट रिपो | विभागीय प्रमुख | विभाग |
| ८ | नेपाल राष्ट्र बैंक ऋणपत्र | नेपाल राष्ट्र बैंक सञ्चालक समितिको स्वीकृतिमा खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| ९ | धितोमा राखिएका सुरक्षणपत्र सकार गर्ने | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |
| १० | **तोकिएको ब्याजदरको निक्षेप संकलन** * | खुला बजार कारोबार सञ्चालन समिति | विभाग |

*मौद्रिक नीतिमा व्यवस्था भएबमोजिम अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा तोकिएको प्रतिशतभन्दा बढी विन्दुले माथि/तल भएमा विभागीय निर्णयमा बढीमा दैनिक रु. ३० अर्वको रिपो/रिभर्स रिपो कारोबार तथा अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा तोकिएको प्रतिशत विन्दुभन्दा बढीले घट्न गएमा विभागीय निर्णयमा बढीमा दैनिक रु. ३० अर्वको निक्षेप संकलन बोलकबोल कारोबार कुनै पनि दिन सञ्चालन गर्नु पर्नेछ।